# मलंगवा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

मलंगवा, सर्लाही
मधेश प्रदेश, नेपाल

प. सं.: २०८१/०८२
च. नं.: ३९८८

मिति: २०८२/०२/१२

## करार सेवामा कर्मचारी आवश्यक्ता सम्बन्धी सूचना

**दोश्रो पटक प्रकाशित मिति २०८२/०२/१२**

उपरोक्त सम्बन्धमा यस कार्यालयको मिति २०८०/०७/२० गतेमा प्रथम पटक प्रकाशित विज्ञापन नं. २/०८०/०८१ पद रोजगार संयोजक (अधिकृत छैठौं स्तर), विज्ञापन नं. ५/०८०/०८१ पद रोजगार सहायक (सहायक पाँचौं स्तर) र ८/०८०/०८१ पद अमिन सहायक चौथो पदको दरखास्त लिएकोमा सो आवेदनलाई कायम राखी यो सुचना प्रकाशित भएको मितिदेखि सात दिनभित्र निम्न अनुसारको दरखास्त दिनहुन पुनः यो सुचना प्रकाशित गरिएको छ । म्याद नाघी रित्त नपुगी आएका दरखास्त माथी कुनै कार्यवाही गरिनेछैन् ।

**विज्ञापन नं. ६/०८१/०८२**

| क्र.सं. | पद | पद संख्या | योग्यता |
|---|---|---|---|
| १ | रोजगार संयोजक (अधिकृत स्तर छैठौं तह) | १ (एक) | • नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा स्नातक तह वा सो सरह उतीर्ण गरेको ।<br>• दरखास्त दिने अन्तिम मितिमा १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको ।<br>• प्रचलित कानुन बमोजिम सरकारी सेवाको पदका लागि आवेदन दिन अयोग्य नभएको । |

**विज्ञापन नं. ७/०८१/०८२**

| | | | |
|---|---|---|---|
| २ | रोजगार सहायक (सहायक पाँचौ तह) | १ (एक) | • नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा प्रविणता प्रमाणपत्र तह वा सो सरह उतीर्ण गरेको ।<br>• मान्यता प्राप्त संस्थाबाट आधारभुत कम्प्युटर सीप सम्बन्धि कम्तीमा तीन महिनाको तालिम लिएको ।<br>• दरखास्त दिने अन्तिम मितिमा १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको ।<br>• प्रचलित कानुन बमोजिम सरकारी सेवाको पदका लागि आवेदन दिन अयोग्य नभएको । |

**विज्ञापन नं. ८/०८१/०८२**

| | | | |
|---|---|---|---|
| ३ | अमिन (सहायक चौथो तह) | १ (एक) | • नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.ई.ई. वा सो सरहमा गणित विषय लिई उतीर्ण गरी Survey वा Geometrics विषय लिई कम्तीमा एक वर्ष जुनियर अमिन तालिम गरेको हुनुपर्नेछ ।<br>• दरखास्त दिने अन्तिम मितिमा १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको ।<br>• प्रचलित कानुन बमोजिम सरकारी सेवाको पदका लागि आवेदन दिन अयोग्य नभएको । |



होमनाथ सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

- **परीक्षाको किसिम :** लिखित, अन्तर्वार्ता र प्रयोगात्मक ।
- **तलब तथा अन्य सुविधा :** नियमानुसार ।
- **आवेदन दस्तुर :** वि.नं. ६ लाई रु. १,०००/-, वि.नं. ७ र ८ लाई रु. ६००/-
- **आवश्यक कागजातहरु :** योग्यता पुगेका ईच्छुक नेपाली नागरिकले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, अनुभवको प्रमाणपत्रको प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि र पासपोर्ट साईजको दुई प्रति फोटोको साथमा आफुले आवेदन गर्न चाहेको पद प्रष्ट रुपमा खुलाई निवेदन सहित यस नगरपालिकाको कार्यालयमा पेश गर्नुपर्नेछ । तोकिएको समयभन्दा पछि आएका आवेदनहरुलाई छनौट प्रक्रियामा समावेश गरिने छैन ।
- **छनौट प्रक्रिया :** प्रारम्भिक छनौटमा परेका उम्मेदवारलाई मात्र लिखित, अन्तर्वार्ता र प्रयोगात्मक परीक्षामा समावेश गरिनेछ ।
- **दरखास्त दिने अन्तिम मिति :** मिति २०८२/०२/१८ गतेको दिन कार्यालय समयभित्र बुझाउन सकिनेछ । आवेदन बुझाउने अन्तिम मितिको दिन सार्वजनिक बिदा परेमा बिदाको भोलीपल्ट कार्यालय समयभित्र निवेदन बुझाउनु पर्नेछ ।
- **पाठ्यक्रम :** मलंगवा नगरपालिकाको वेबसाइट : www.malangwamun.gov.np मा हेर्न सकिनेछ ।

**नोट : अन्य जानकारीको लागि कार्यालय समयभित्र कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।**

होमनाथ सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

होमनाथ सुवेदी
प्रमुख प्रशासकीय अधिकृत